नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

फ्याक्स नं.: ०७८-५२०९१२
कार्यालय: ०७८-५२०१३३

पत्र संख्या: ०७५।७६
च.नं.: ४३३१

मिति:२०७६।०१।०४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

श्री स्थानीय तह सबै,
नवलपरासी (बसुप)

**विषय: जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा त्यस न.पा./गा.पा.बाट जन्मका आधारमा नागरिकता प्राप्त गरेका सन्ततीहरुलाई नागरिकताको सिफारिस गर्ने सन्दर्भमा द्विविधा उत्पन्न भएको भन्ने बुझिन आएकोले यसमा संलग्न सूचनाको छाँयाप्रतिमा उल्लेखित प्रमाणहरुको आधारमा थप कुनै कुरा बुझ्नु पर्ने भए बुझि उपयुक्त देखिएमा मात्र सिफारिश गर्ने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

.........................................
७६।०१।०४
प्रशासकीय अधिकृत

E:\Prashasan\Letter.doc

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बसुप)

## जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता जारी गर्दा संलग्न गर्नुपर्ने कागजात/प्रमाणहरु

१. बाबु र आमाको सक्कल नेपाली नागरिकताको प्रमाण पत्र **(मिति २०७२।०६।०३ गते भित्र प्राप्त गरेको नागरिकता)**

२. सक्कल जन्मदर्ता प्रमाणपत्र (जन्ममिति र जन्मस्थान खुल्ने गरी)

३. जग्गाधनी प्रमाण पुर्जा (बुवा,आमा वा सन्तानको नामको), मोहियानी हकको प्रमाणपत्र भए सो प्रमाण ।

४. शैक्षिक प्रमाण पत्र (विदेशी मुलुकमा अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट व्यक्तिको नाममा गरि दिएको समकक्षता निर्धारण)

५. विद्युतको विल/खानेपानी उपभोग गरेको विल ।

६. नाता प्रमाणित (फोटोसहित बुवा,आमा र सन्तानबीच)

७. घरधुरी प्रमाण पुर्जा (नक्शा पास र स्वीकृति)

८. ठेगाना परिवर्तन गरी नागरिकता लिन चाहेमा उदगम स्थान र गन्तव्य स्थानको बसाईसराई दर्ताको प्रमाणपत्र (बसाईसराइ)

९. स्थायी वसोवास प्रमाणित/किटानी सिफारिस (सम्बन्धित नगर/गाउँपालिकाबाट)

१०. पारिवारिक विवरण

११. आवश्यकता अनुसार प्रहरी सर्जमिन/स्थलगत सर्जमिन मुचुल्का (गोप्य सर्जमिन कार्यालयका कर्मचारीहरुबाट)

१२. बुवा आमाविच विवाहदर्ता/विवाह प्रमाणित

१३. बुवा,आमाको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्र ।

१४. अन्य तोकिएको कागजात (स्था.ले.नं.,२०६३ को टोलीले नावालक दर्ता गरेको भए सोको निस्सा)

७८।०९।०८

प्रमुख जिल्ला अधिकृत